**श्री सम्पादकज्यू,**
**ककनी मिडिया डट् कम,**
**तारकेश्वर ४, काठमाण्डौं ।**

मिति: २०८३।०३।०९

**विषय:** खण्डन/भनाइ सम्बन्धमा ।

**महोदय,**

उपर्युक्त सम्बन्धमा तपाइबाट सन्चालीत " ककनी मिडिया " (क्रिएशन प्रा लि) को फेसबुक पेज समेतको सन्चार माध्यमबाट मिति २०८३।०२।१४ (मे २८, २०२६) गते " अख्तियारमै बसेर अख्तियारको दुरुपयोग ? खनालमाथि उठ्यो गम्भीर आशंका " शीर्षकमा प्रकाशित एवं प्रसारित सामाग्री उपर मेरो ध्यानाकर्षण भएको छ । उक्त समाचारका सम्बन्धमा मेरो देहाय अनुसार बुँदागत प्रतिक्रिया एवं खण्डन रहेको छ । देहायका खण्डन एवं प्रतिक्रियालाइ स्थान दिनुहुन अनुरोध गर्दछु ।

(१) **आरोप:** अख्तियारमै बसेर अख्तियारको दुरुपयोग गरेको /घुसको नेटवर्क संचालन गरेको।

**प्रतिक्रिया/खण्डन:** अख्तियारमा बसेको भनी तपाइले प्रसारण गर्नु भएको खबर साँचो हो । तर मैले अख्तियार छाडेको दश बर्ष र सेवाबाट अवकाश भएको पनी पाँच बर्ष भन्दा बढी अवधी व्यतीत भइसकेको छ । रह्यो अख्तियारमा बस्दा पदको दुरुपयोग गरेको भन्ने सबाल, तपाइले प्रसारण गर्नु भएको समाचारमै अख्तियार, सम्पत्ती छानवीन आयोग लगायतका निकायमा उजुरी परिसकेको भनी प्रसारण भएको रहेछ, तर छानवीन अनुसन्धान गर्ने सम्बद्ध निकायको निष्कर्ष अघी नै कसूरदार भनी प्रचार प्रसारमा ल्याइ व्यक्ति एवं परिवारको चरित्रहत्या गर्ने सामाग्री किन र कसरी प्रसार प्रसारमा ल्याउनु भएको हो ? अख्तियारको दुरुपयोग र घुसको नेटवर्क प्रमाणीत गरेर देखाउन सक्नु भएन भने मेरो चरीत्र, मानसिकता, त्रासदी अनी सामाजीक, पारिवारिक रुपमा पुग्न गएको अपूरणीय क्षतीका बारेमा तपाइ आफ्नो पारिवारिक जीवनलाइ सिरानीमा राखेर एक पटक मनन गर्नुहोस् त ! कस्तो मानसिकताबाट गुज्रनु पर्छ ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत रहँदा मैले गरेको कार्यसम्पादन एवं उत्कृष्ठ कर्मचारीको सम्मान हासिल गरेकोतर्फ पनि यहाँको ध्यान पुग्न सकेको भए यस क्षेत्रमा कार्यरत राष्टसेवक कर्मचारीहरुलाइ थप प्रेरण पुग्ने थियो ।

(२) **आरोप:** जग्गा कारोवारमा राजश्व छली /ठगी गरेको ।

**प्रतिक्रिया/खण्डन:** राजश्व छली, ठगी गरेकोमा उजुरी लिने, दिने र अनुसन्धान गर्ने सम्बन्धमा प्रचलित कानूनले तमाम निकायहरुको व्यवस्था गरिदिएको कुरा यहाँमा विदितै छ । त्यतातिर उजुर बाजुर गर्ने अधिकार यहाँमा पनि छ । कतिपय निकायमा त उजुरकर्ताको पहिचान नै नखुलाइ पनि उजुरी दिन सकिने प्रावधान रहेको कुरा यहाँमा विदितै हुनु पर्छ । प्रमाण जुटाइ कानूनी उपचारतिर लाग्नु भएको भए बरु सार्थक परिणाम आउन सक्थ्यो की ? ठगीको गम्भीर आरोप जुन लगाउनु भएको छ, मुलुकी देवानी संहता, २०७४ ले त्यसको उपचारको बाटो

देखाउँदा देखाउँदै तपाइले पत्रकारिता पेशा नै कलुषित हुने गरी एउटा निर्दोष परिवारलाइ ठहर हुनु अघी नै सजाय दिनु भयो । भगवान गरुन तपाइको जीवनमा यस्तो घटना नघटोस!

(३) **आरोपः** परिवारिक जीवनशैली अस्वाभाविक/ छोराछोरीलाइ महँगा विद्यालय र विदेसी बिश्वविद्यालयमा पढाएको ।

**प्रतिकिया/खण्डनः** मेरा छोरा छोरीहरु अत्यधीक शुल्क व्यहोर्नु पर्ने मंहगा विद्यालयमा अध्ययन गरेका होइनन् । निजहरु पढेको विद्यालय सामान्य प्रकृतिका र औषतमा गणना हुने नीजी बिद्यालयमा पर्दछन् । निजहरु कक्षामा प्राय पहिला, दोस्रा स्कोर ल्याउने हुनाले सहुलियत शुल्कमा अध्ययन गरेका हुन् । छोराले निजामती कर्मचारीका सन्तानले मेरीट अंकका आधारमा पाउने छात्रवृत्ती रकम प्राप्त गरी इन्जीनीयरिंग अध्ययन गरेको प्रमाण लगायत निजहरुलाइ विदेशमा अध्ययन गर्न पठाउँदा लिएका बैक ऋणका कागजातहरु पनि प्रमाण कागजात खण्डको बुँदा नं (१) मा प्रस्तुत गरेको छु ।

(४) **आरोपः** ज्वाइ, छोरी र छोराका नाममा अनुचीत आर्थिक लेनदेन गरेको ।

**प्रतिकिया/खण्डनः** यो नितान्त रुपमा मेरो पारिवारीक संरचना ध्वस्त पार्ने प्रपंच मात्र हो । यहाँले प्रस्तुत गर्नु भएको बिना प्रमाणको यस प्रकारको गम्भीर आरोप उपर अनुसन्धान गर्ने राज्य संयन्त्रमा परेका उजुरीहरुका बारेमा तपाइले आफ्नो समाचारमा उल्लेख गर्नु भएकै छ । तर अनुसन्धान, छानवीन गर्ने निकायले त छानविन अनुसन्धानले पुष्टी नभएसम्म उजुरीहरु प्रकाशनमा ल्याउदैनन् भन्ने कुरा यहाँमा विदित हुँदा हुँदै पनी तपाइले मलाइ मात्र होइन मेरो सिंगै परिवारको चरित्रहत्या गरिदिनु भयो । अभियोजन प्रमाणीत नहुँदै सजाय दिनु भयो । यसले गम्भीर र अपुरणीय क्षती पुर्याएको छ । मेरा परिवारका हरेक सदस्य, नाबालक नाती नातीना, नातागोता हरेक व्यक्ति आज तनावपूर्ण अवस्थामा छन् । अनुसन्धानले पूर्णता पाउनु अघी नै यस प्रकारको बदनियतपूर्ण, प्रतिशोधलेग्रस्त, पीत पत्रकारिता चरित्रले अरु गम्भीर एवं अपूरणीय क्षती निम्त्याउन सक्ने अवस्थाको विद्यमानतालाइ हृदयंग गरी जतिसक्दो छिटो भूल सुधार गरियोस, ताकी थप अपूरणीय क्षती नहोस ।

(५) **आरोपः** सीतापाइला धार्के सडक खण्डमा मापदण्ड मिचेर घर टहरा बनाएको /घर बहाल कर नतिरेको ।

**प्रतिकिया/खण्डनः** मैले यस सडक खण्डमा मापदण्ड मिचेर घर टहरा निर्माण गरेको छैन । पत्रकार धर्म अनुसार एक पटक वास्तविकता बुझेर समाचार प्रकाशित गर्नु भएको भए एउटा सिंगै परिवारको चरित्र रक्षा हुने थियो, तर तपाइले कसैको प्रायोजनमा यस प्रकारको अनर्गल प्रचारबाजी गर्नु भयो, जसले गर्दा म र मेरो परिवारलाइ तपाइले गम्भीर तनावमा पारिदिनु भएको छ । खाएको बीष पो लाग्छ, नखाएको बीष लाग्नु पर्ने हो र ? घर टहरा निर्माणमा अख्तियारप्राप्त निकायबाट भएको नक्सा पास लगायतका अन्य प्रमाणहरु संलग्न प्रमाण कागजातको बुँदा नं (२) मा संलग्न गरेको छु । रह्यो अब घरभाडाको बहाल करको सबाल, मैले तिरेको घरभाडा बहाल कर तिरेकाका रसीदका प्रतिलिपीहरु प्रमाण कागजात खण्डको बुँदा नं (२) मै प्रस्तुत गरेको छु । बरु घरभाडामा लगाएबापत कर नतिर्ने न पा का पदाधिकारी लगायतका अन्य विषयमा यहाँको खोज पत्रकारिता सकीय बन्न सकेको भए समाजको लागी यहाँको तर्फबाट ठुलो योगदान पुग्ने थियो की ?

**पुनश्चः** एउटा राष्ट्रसेवकको नाताले मैले ३९ वर्ष देश र जनताको सेवा गरेकोमा पटक पटक पुरस्कृत (संलग्न प्रमाण कागजातको बुंदा नं (३) मा पेश गरेको छु) र हाल राज्यले उपलब्ध गराएको सुविधाबाट जीवन निर्वाह गर्दै आएको छु। मैले पदीय दुरुपयोग गरेको भए राज्यको तर्फबाट यो पारितोषिक पाउँथे होला र ? अनि पदीय दुरुपयोगको छानबिन गर्ने निकाय, संवैधानिक अंगमा उजुरी दिएको विषयमा छानबिन अघी नै अभियोग ठहर भए झैं गरी गलत ढंगले अर्काको चरित्रहत्या गर्नु भनेको तपाइकै भाषामा भन्नु पर्दा झनै गम्भीर आपत्तीको विषय भएन र ? यस प्रकारको चरित्रहत्या तपाइको आफ्नै जीवनमा घटेको हुने थियो भने, यसबाट तपाइको परिवार, लालाबाला, नातागोता इष्टमित्रले भोग्नु पर्ने मानसिक तनाव र त्रासदीको एकैछिन कल्पना गरी हेर्नुस त ! हालात कतिसम्म भयाबह छ ! For your kind information, मेरो श्रीमतीको सम्वेदनशील स्वास्थ्य अवस्था र औषधी सेवनको प्रेस्कृप्सन प्रमाण कागजात खण्डको बुँदा नं (४) मा संलग्न गरेको छु।

**अन्त्यमाः** मिथ्या, भ्रामक र सामाजिक सन्तुलनमा गम्भीर आघात पुर्‍याउने गरी यहाँबाट सन्चालीत फेसबुक पेज प्रदेश टेलीभीजनमा प्रकाशीत एवं प्रसारीत समाचार उपर क्षमायाचना सहित उपरोक्त वास्तविकता एवं खण्डनले यथोचीत स्थान पाउने कुरामा म आशावादी छु।

**संलग्न प्रमाण कागजात (प्रतिलिपि):**

(१) छोरा विवेकले सरकारी छात्रवृत्ती पाएको र बैंक ऋण लिएको कागजातहरु,

(२) घर टहरा निरर्माणका नक्सा पास लगायत घरभाडा वापतको कर निरन्तर बुझाइ आएका रसीदहरु,

(३) उत्कृष्ठ कर्मचारीको रुपमा प्राप्त गरेका प्रमाणपत्रहरु,

(४) श्रीमती देवकी खनालको स्वास्थ्य अवस्था दर्शाउने र औषधी सेवनको प्रेस्कृप्सन।

**निवेदकः**
नाम, थरः चिरन्जीवी खनाल
दस्तखतः
मोवाइल नं ९८५१०५८४६६
इमेलः
khanal.chiranjibi@gmail.com